# मलंगवा नगरपालिका
## MALANGWA MUNICIPALITY
# नगरकार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
## मलंगवा, सर्लाही
### MALANGWA (SARLAHI)

पत्र संख्या:-२०७७/०७८
च.नं. ५२

मिति :-२०७७/०४/२२

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७-०४-२२)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७७/७८ च.नं./pmep/२३ को मिति २०७७/४/१२ को पत्रानुसार यस मलंगवा नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र यस मलंगवा नगर कार्यपालिकाको कार्यालयमा राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन अनुरोध छ।

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

(ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण *तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको* अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेर :- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेका

२. **दरखास्त दिने स्थान :-** मलंगवा नगरकार्यपालिकाको कार्यालय, मलंगवा सर्लाही

३. **दरखास्त दिने अन्तिम मिति :-** २०७७/०५/०४ गते कार्यालय समय भित्र। ( अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिने छ।)

४. **आवेदनको दस्तुर :-** रु.१०००।-

५. **छनौटको किसिम :-** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु :-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कगजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. **सेवा सुविधा :-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. **पदले सम्पादित गर्नूपर्ने कार्यविवरण :-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ।

**नोट** :- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।

.................................
प्रमुख प्रशासकिय अधिकृत